ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१ ❑ अङ्क-३७, २०७४ माघ २७ गते, शनिबार (Feb.10, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६

पृष्ठ २ मा



कृषिमा बढ्दो परनिर्भरता

# तिलाठी कोइलाडी गाउँपालिका अगाडी अनिश्चितकालिन अनसन



**निर्णय फिर्तासहित पाँच सूत्रीय माग**

राजविराज / लुकिछिपी अवैध रुपमा गाउँ सभा गरेको भन्दै तिलाठी कोइलाडी गाउँपालिकाका जनप्रतिनिधी एवम् बुद्धिजिविहरुले गाउँपालिका कार्यालय अगाडि अनिश्चितकालिन रिले अनसनलाई निरन्तरता दिएका छन्।

तिलाठी कोईलाडी-१ तिलाठी स्थित गाउँपालिकाको केन्द्र अगाडि उनीहरुले मङ्गलवारदेखि धर्ना बसेका हुन्। गाउँपालिकाको व्यवस्थित कार्यालय हुँदाहुँदै समेत अध्यक्ष सतिशकुमार सिंहले सदरमुकाम राजविराज स्थित आशिया पार्टी पैलेसमा पहिलो गाउँ सभा अबैध तरिकाले सम्पन्न गरेको भन्दै उक्त परिषद्का निर्णयहरु खारेज हुनुपर्ने उनीहरुले माग गरेको छन्।

तिलाठी कोईलाडी गाउँपालिकाको नाम र केन्द्र सार्ने विवादित निर्णय समेत उक्त अबैध गाउँ परिषद्वाट गरिएको भन्दै धर्ना बसेका स्थानिय देवनारायण यादवले निर्णय नसच्याईएसम्म आफुहरुको आन्दोलन जारी रहने बताए। गाउँपालिका कार्यालयमा तालाबन्दी समेत

बाँकी ४ पृष्ठमा

# कञ्चनपुरमा राहु पूजा

कञ्चनपुर / दिर्घरोग निको हुने तथा सन्तान प्राप्ती विश्वासका साथ सप्तरीको कञ्चनपूर नगरपालिका-८, वेरीयरमा बुधवाबार भव्यतापूर्वक राहु पूजा सम्पन्न भएको छ। राहु पूजामा सहभागी हुन विभिन्न समुदायका मानिसका आएको नरनारीले जनाएका छन।

पूजा जसले गराएपनि पुजारी भने दुसाध (पासवान) जातकै हुनुपर्ने परम्परा रहेका कारण यस पटक सिराहाका छुतहरु पासवानले पुजारीको जिम्मेवारी सम्हालेका छन्। पूजास्थलामा पकाइएको उम्लदै गरेको खीरको भाडोमा हात हालेर खीर चारैतिर छर्किने, बाँसमा

बाँकी अन्तिम पृष्ठमा



# सप्तरीका इँटा उद्योगमा मजदुर अभाव





फत्तेपुर / वैदेशिक रोजगारीका कारण मजदुर अभाव हुन थालेपछि सप्तरीका इँटा उद्योगमा मेसिनको प्रयोग सुरु भएको छ।

नेपाली मजदुर नपाएपछि दुई महिनाअघिसम्म भारतीय मजदुर ल्याएर काम गराउँदै आएको शम्भुनाथ नगरपालिका-५, कठौना स्थित जय शिव इँटा उद्योगले अहिले 'ब्रिक मेकिङ मेसिन' प्रयोगमा ल्याएको छ। भारतीय मजदुरले एड्भान्समा पैसा लिएर काममा नआएपछि बाध्य भएर मेसिन मगाउनुपरेको सञ्चालक दुर्गानन्द साहले बताए।

करिब १ करोड ५० लाख रुपैयाँको लागतमा भारतको नयाँ दिल्लीबाट किनेर ल्याएको मेसिनले प्रतिघन्टा १० हजारभन्दा

बाँकी अन्तिम पृष्ठमा






**सप्तरीका ....**

बढी इँटा उत्पादन गर्ने उनले बताए। १ सयभन्दा बढी मजदुरले गर्ने काम अहिले मेसिनले गरिरहेको उनको भनाइ छ। मेसिनको प्रयोगले फिनिसिङ राम्रो हुँदा इँटाको माग पनि बढेको सञ्चालक साहले बताए ।

उत्पादनमा कमी आउँदा कृषि पेशामा घट्दो आकर्षण र बेरोजगारीका कारण अधिकांश युवा विदेशिन थालेपछि जिल्लामा मजदुरको अभाव छ। उक्त अभाव परा गर्न सप्तरीमा अधिकांश इँटा उद्योगले भारतका विभिन्न स्थानवाट सामूहिक रुपमा मजदुर भित्र्याउने गरेको जानकारी दिँदै साहले भने, 'उनीहरुले पनि कामका समयमा बेइमानी गर्न थालेपछि मेसिन मगाउनुपर्ने बाध्यता भयो।'

एड्भान्स रकम लिएका मजुदरले कामको बेला धोका दिँदा तीन महिनाअघि मात्रै आफनो १२ लाख रुपैयाँ डुबेको उनले गुनासो गरे। साहले मेसिनको प्रयोग सँगै मजदुर खोज्नुपर्ने झन्झट र बेइमानीको चिन्ता हटेको बताए। इँटा उत्पादनका लागि पूर्वाञ्चलमै पहिलो पटक आफूले नै मेसिन प्रयोगमा ल्याएको साहको भनाइ छ ।

सप्तरीमा हाल ७० वटाभन्दा बढी इँटा उद्योग सञ्चालनमा रहेको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख राधाकृष्ण पोखरेलले जानकारी दिए ।

**कञ्चनपुरमा ....**

बाधेको तरवारको धारमा टेकेर उभिने, बल्दै गरेको आगोमा हिड्ने र भेडालाई दाँतले चेपेर घुमाउने पूजाका विशेष आकर्षण हुन् । यी चारवटै काम यस पटकको पूजामा पुजारी छुतहरु पासवानले गरेका छन् ।

पूजाकालागि जुनसुकै जातका मानिसपनि सहभागी हुन सक्ने भन्दै स्थानीय समाजसेवी संजय पासवानले यो हरेक बर्ष यसै समयमा हुने गरेको जानकारी दिएका छन् । उनका अनुसार राहु पूजाको चलन निकै पुरानो रहेको छ


# २४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरु:

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्न्यसनी, परामर्श

- डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
- डा.अनिता बर्मा, जनरल फिजिसियन
- डा. सत्यम घिमिरे( (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
- डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
- डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
- डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
- डा. बद्रीप्रसाद भट्टराई . डा. समन

स्पोर्ट सेवाहरु:

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,

*नोट: प्रत्येक दिन ओपिडी सेवामा* डा.अनिता बर्मा(जनरल फिजिसियन) *जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

## ॐ साई माता मनकामना आरोग्य सेन्टर प्रा.लि.



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००



# सूचना

## बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुन सक्छ, त्यसैले सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं ।

**नेपाल सरकार**
**सूचना तथा संचार मन्त्रालय**
सूचना विभाग



# जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका, अन्नपूर्ण, कान्तिपुर, nagariknews, राजधानी, जनता टाइम्स्

**अमर एडभरटाईजिङ धरान**
९८५२०४९३२५, ९८५२०४७७७९



# दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरु:

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

- डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
- डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक–कान तथा घाटी रोग विशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०


**प्रमुख सल्लाहकार:** डा.महेन्द्र विष्ट, **सल्लाहकार:** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान **कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१** Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण:** लक्ष्मी अफसेट प्रेस, गाईधाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय....................

# राष्ट्रिय सभाको भूमिका

संघीय संसद्का दुवै सदनको निर्वाचन सम्पन्न भइसकेको छ । राष्ट्रिय सभामा पनि कम्युनिस्ट गठबन्धनले बहुमत पुगेको छ । सबै राष्ट्रिय दलको प्रतिनिधित्वले यसको गरिमा पनि बढाएको छ । अव निर्वाचन आयोगले प्रतिनिधि सभामा समानुपातिक सदस्यको नामावलीलाई अन्तिमरूप दिएर सार्वजनिक गरि सरकार गठनको प्रक्रिया शुरु गर्नु पर्दछ ।

संबैधानिक अड्धनले निर्वाचन भएको लामोसयदेखि नयाँ सरकार गठन नहुदा कामचलाउ सरकारले राज्यको ढुकुटी लुटिरहेको छ । अब नयाँ सरकारको गठन प्रक्रिया थालिनु पर्द छ ।

राष्ट्रिय सभा संसदको उपल्लो सदन हो । यसले नेपाली जनताको अपेक्षा पूरा गर्न सक्छ कि सक्तैन भन्ने यसका सदस्यहरूको भूमिकामा निर्भर हुन्छ । संसदीय लोकतन्त्रको मर्मअनुरूप माथिल्लो सदनको गरिमा कायम गर्न यसका सदस्यहरू सक्षम हुने छन् कि दलका नेताहरूको कृपापात्रकै भूमिकामा तिनीहरू सीमित हुनेछन् त्यो पनि आउने दिनहरूले बताउनेछ ।

दलका नेताहरूको स्वार्थले पनि प्रतिनिधि सभालाई प्रभावित पार्ने गरेको देखिएको छ । राष्ट्रिय सभा भने दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितका पक्षमा उभिनु वाञ्छानिय हुने छ । राष्ट्रिय सभाको अर्को महत्त्वपूर्ण जिम्मेवारी प्रतिनिधि सभाका गल्ती सच्याउनु पनि हो । निर्णायक विधायिनी अधिकार संविधानले प्रतिनिधि सभालाई मात्र दिएको छ तर राष्ट्रिय सभाले विधेयकहरू सुझावसहित फिर्ता पठाएर प्रतिनिधि सभालाई सजग गराउने भूमिका निर्वाह गर्न सक्छ ।

# कृषिमा बढ्दो परनिर्भरता

❒ उपेन्द्र झा

नेपाल कृषि प्रधान देश हो । नेपाली अर्थतन्त्रको मुख्य स्रोत कृषि हो । कृषि राष्ट्रिय अर्थतन्त्रको ३८.५ प्रतिशत भाग ओगटेको छ ( एमओएसी, २००६) । करीब ६५.५ प्रतिशत जनता कृषिमा निर्भर छन र यसले नेपालको ८१ प्रतिशत जनतालाई रोजगारी पनि प्रदान गरेको छ ( सिबीएस, २००२) । जनजीविकाको आधार भूमि नै रहेकोले अधिकाँश जनसंख्या कृषिकार्य गरेर जीवन पाल्दछन् । २००७ साल अघि र पछि भूमि कृषिभन्दा सम्पत्ति कै रूपमा प्रयोग भएको देखिन्छ । जग्गावाल र जमीन जोत्नेको द्वैध स्वामित्वमा कृषिकार्य भई रहेको चलनमा केही सुधार गर्ने प्रयास २००७ पछि देखिएको हो । सामन्ती अधिनायकवादी भू(स्वामित्वमा रहेको परम्परागत कृषिले न किसानको जीवनमा सुधार ल्यायो न सरकार यसवाट लाभान्वित हुन सक्यो । कृषिलाई फायदामुखी बनाउने उद्देश्यले कतिपय प्रयासहरू गरिएपनि कार्यान्वयनको पक्ष कमजोर भएका कारण कृषि यथास्थितिमै रहन् बाध्य भयो ।

नेपालको कूल जमीन १,४७,१८,१०० हेक्टर छ । यस मध्ये खेती भएको ३०,९०,७८० हेक्टर ( २१ प्रतिशत), खेतीयोग्य तर खेती नभएको १०,३०,३९० हेक्टर (७ प्रतिशत), वन ४२,६८,२०० हेक्टर (२९ प्रतिशत), झाडी १५,६०,११० हेक्टर (१०.६ प्रतिशत), चरन १७,६६,१६० हेक्टर (१२ प्रतिशत), पानी ३,८२,६६० हेक्टर (२.६ प्रतिशत) र अन्य हिउँ/चट्टान २६,१९,८०० हेक्टर (१७.८ प्रतिशत)(स्रोत: डेभेलपमेन्ट प्रोफाईल अफ नेपाल, २००८ ।



२००७ साल अघि भूमिमा कायम रैकरप्रथा, जागिरप्रथा, राज्य रकमप्रथा, विर्ता, किपट, जमीन्दारी, गुठी, उखडा भूमि व्यवस्थामा कृषिको दयनीय अवस्था रहेकोले यसलाई व्यवस्थित गर्न रैकर र गुठीबाहेक सबै प्रथा सरकारले खारेज गऱ्यो । रैकरमा ५०%, विर्तामा ३६%, गुठीमा २%, किपटमा ४% भूमि प्रयोगमा रहेको थियो । सरकारको जागिरेलाई तलबबापत भूमिको प्रयोग गर्न दिईएको, एकीकरणपछिको राजा रजौटालाई भूमिको आम्दानी खान दिईएको प्रथा २००९ सालमा अन्त गरियो भने विर्ता, उखडा जग्गा र किपटप्रथालाई क्रमश: २०१६, २०२१ र २०२३ सालमा अन्त्य गरेको देखिन्छ । २००७ सालको ऐतिहासिक परिवर्तन पछि भूमिलाई व्यवस्थित गर्न २००८ देखि २०२१ सम्म ११ बटा भूमि ऐन ल्याईयो । राजा महेन्द्रद्वारा ल्याईएको भूमि सम्बन्धी ऐन, २०२१ उल्लेखनीय कदम थियो । भूमि सुधार ऐन पहिलो वर्ष १६ जिल्लामा, दोश्रो वर्ष २५ जिल्लामा र तेश्रो वर्ष ३४ जिल्लामा लागू भयो । द्वैध स्वामित्वको अन्त र भूमिलाई कृषिमुखी बनाउन गरिएका यी सुधारहरू उल्लेखनीय भएपनि जमीनमा सामन्ती वर्चस्व अझसम्म जरा गाडेर बसेको थियो । सुधारका अपेक्षा पूरा हुन अझ धेरै समय कुर्नु पर्ने अवस्था थियो ।

भूमि सम्बन्धि ऐन, २०२१ ले तोकिएको जग्गाको हदबन्दी अनुसार तराईमा २५ बीघा, काठमाण्डौं उपत्यकामा ५० रोपनी तथा अन्य पहाडी क्षेत्रमा ८० रोपनी मात्र राख्न पाउने व्यवस्था गऱ्यो । २०५८ साल श्रावण ३२ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले भूमि सम्बन्धी ऐन २०२१ मा पाँचौं संशोधन गरि हदबन्दीको नयाँ व्यवस्थाको घोषणा गऱ्यो । सो अनुसार तराई र भित्री मधेशमा १० बीघा, काठमाण्डौं उपत्यकामा २५ रोपनी तथा पहाडी भागमा ७० रोपनी, मोहीको हकमा तराईमा ४ बीघा, उपत्यकामा १० रोपनी तथा पहाडी क्षेत्रमा २० रोपनी राख्न, जोत्न पाउने अधिकार सुरक्षित गरियो ।

भू(स्वामित्व ठुल्ठूला सामन्तहरूको नाममा रहेकोले ऐनलाई निस्तेज पार्ने अनेक प्रयासहरू भएका छन् । राजा महेन्द्रले ल्याएको भूमि सम्बन्धी ऐन, २०२१ ले सामन्तहरूको भूमिमा जोत्नेको हक सुरक्षित गरि दिएका कारण सामन्तहरू रूष्ट भई राजाको विरोधमा नेपाली काँग्रेसको झण्डामुनि गोलबन्द हुन पुगे । आफ्नो जग्गाको सुरक्षणमा सतत् तल्लीन यी जग्गावालहरू द्वैध स्वामित्वको विरोधमा लागि नै रहे । त्यसैले नेपाली काँग्रेसको सरकारले भूमि सम्बन्धी (विर्ता उन्मूलनबाहेक) कुनै ठोस नीति ल्याउन सकेन । २०५३ सालमा भूमि सम्बन्धी ऐन, २०२१ लाई चौथो संशोधन गरि मोहीयानी हकको रूपमा आधी जग्गा मोहीको नाममा दर्ता गरि जग्गाबाट द्वैध स्वामित्वको अन्त गर्ने ऐन आएपछि सोही ऐनलाई टेकेर जग्गावालहरूले एकवर्ष कूत नदिने मोहीलाई सोझै खारेज गरि दिने कानून बनाएर लाखौं मोहीहरूलाई जग्गाबाट बेदखल गरेको सरकारी निकायहरू उदाहरण बनेका छन् ।

सामन्ती कृषि व्यवस्थामा जोतहा किसानमा हली, बेठबेगार, कमैया आदिको चलन शुरू भएको थियो । जोतहाको जीवनस्तर ज्यादै दयनीय भएकोले कृषि पनि कमजोर अवस्थामा थियो । जमीनको अधिकाँश उब्जनी जग्गावाललाई बुझाउनु पर्ने हुँदा जोतहा जग्गावालको पुश्तौ ऋृणी हुनु पर्ने अवस्था थियो । कालान्तरमा भूमिमा भएका सुधारहरूले जोतहाको अनावश्यक श्रम शोषण त बन्द गऱ्यो तर ६७ वर्षको लामो अन्तरालमा न जोतहामा अपेक्षित सुधार भयो न कृषि उत्पादनमा । भू(स्वामित्वमा सामन्ती प्रभाव अझ कायम रहेकोले कृषिले अपेक्षित सफलता पाउन सकि रहेको छैन । नेपालको राजनीतिमा सामन्ती पकड हावी रहेकोले यसले हरेका क्षेत्रको विकासलाई प्रभावित पारेको छ । सुधारको नाममा अनेक भूमि ऐन बनेको छ । २०५१ मा बडाल आयोग, २०६५ मा गजुरेल आयोग तथा २०६७ मा बस्नेत आयोग बनाएर सरकारले धेरै सुझावहरू संकलन पनि गरेको छ तर यसको कार्यान्वयन यति कमजोर देखियो कि तीन आयोग मध्ये कुनै लागू भएन । एक से एक क्रान्तिकारी सरकार आए । भूमि समस्यालाई चर्काए । आफू सरकारमा आउँदा सिन्को पनि भाँच्न नसक्दा सामन्ती प्रभावको बलियो पकड त्यसै कायम रहेको प्रष्ट हुन्छ ।

वैज्ञानिक कृषि प्रणालीको अवधारणा सबै पार्टीले ल्याएका छन् । कृषिलाई बैज्ञानिकीकरण गर्ने सबै पार्टीको नीति रहेको अवधारणा पत्रबाट थाहा हुन्छ तर कार्यान्वयनको अभावमा कृषि यथास्थितिको पीडा भोगि रहेको सबैलाई थाहा छ । कुनै साल कुनै वालीको राम्रो उब्जनी भयो भने त्यसैलाई प्रचारको ठूलो माध्यम बनाएर रमाउनेबाहेक सरकारले कृषिका लागि केही उल्लेखनीय फडको मार्न सकेको छैन ।

देशमा उठेको द्वन्द्वको अधिकतम भाग भूमि समस्या अर्थात गरिबीले ओगटेको थियो । २०६३ मंसीर २२ गते नेपाल सरकार र नेकपा माओवादी बीचको विस्तृत शान्ति सम्झौता भयो । सो सम्झौताको दफा ३.६मा 'सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतीले तय गरेर लागू गर्दै जाने ।' र दफा ३.७ मा 'सामन्ती भूस्वामित्वको अन्त गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने' उल्लेख छ । तर माओवादी पार्टी सरकारमा आएपनि सो बमोजिमको ठोस नीति तथा कार्यक्रम आउन सकेन ।

बडाल आयोगको तालिका १.१ अनुसार २०१८ सालमा भएको कृषि गणना अनुसार जग्गाधनी खेतीकर्त्ताको प्रतिशत ४०.३७ र मोही खेतीकर्त्ताको प्रतिशत २५.४८ देखाएको छ । ३० वर्ष पछि जग्गाधनी खेतीकर्त्ताको संख्या १६.५ प्रतिशत र मोही खेतीकर्त्ताको संख्या ८.७ प्रतिशतमा झरेको देखाएको छ ।

इसिमोड, २००० को सर्वेक्षण अनुसार "सामान्यतया नेपालका भूमि नीतिले बहुसंख्यक जनसंख्यालाई नकारात्मक असर पारेको र भूमिको गुणस्तरमै ह्रास गराइएको पाइएको छ । भूमिमा आएको यो ह्रासले गरिबीलाई बढाएको र गरिबीले भूमिको ह्रासमा झनै गम्भीर असर पारेको हुनाले यिनीहरू पारस्परिक रूपले सहयोग पुऱ्याउने प्रक्रिया बनेका छन । भूअधीनत्व तथा उपभोग अधिकार समता र कार्यदक्षता दुबैका दृष्टिले प्रतिकूल देखिएका छन ।"

भूमिसुधार सम्बन्धी जति नीति तथा कार्यक्रम आएको छ त्यति नै मात्रामा कृषि, बन र सिंचाईमा वैदेशिक सहायता भित्रिएको देखिन्छ । वैदेशिक सहायताको क्रम भंग भएको छैन । तर कृषि दिनानुदिन परावलम्बी हुँदै गएको समाचार हामी विभिन्न पत्र पत्रिकाबाट थाहा पाउँछौं । ६७ वर्षको लगातार प्रयासले कृषिलाई निर्वाहमुखी पनि बनाउन नसक्ने सरकारले कृषिलाई उद्योगको रूपमा विकास गर्ने गफाडी घोषणा पत्रहरूको अम्बार लगाएर कृषिमा सुधार हुन सक्दैन । कृषि निर्वाहमुखी रह्न नसकेर रोजगारको अभावमा अन्दाजी ५० लाख युवा विदेशिन बाध्य भएका छन् । कृषिप्रतिको उदासीनता बढ्दै गएका कारण मानिस कृषि पेशा छोड्दै अन्य पेशामा संलग्न हुन थालेका छन् । कृषिको ह्रासोन्मुख अवस्थाका कारण पनि कृषिप्रतिको आकर्षण घट्दै गएको देखिन्छ ।

सामन्ती भू(स्वामित्वको प्रभाव कृषि विकासको बाटोमा मुख्य अवरोधकको रूपमा रहेकोले यसलाई समूल नष्ट गर्ने भूनीति आउन जरूरी छ । नेपालमा श्रमशक्तिसंग जग्गा छैन, जोसंग जग्गा छ उसलाई कृषिसंग कुनै चासो छैन । जग्गावाल र श्रमशक्तिसंगको चर्को अन्तर्विरोधको अन्त नभएसम्म कृषिमा विकासको कुनै लक्षण देखा पर्न सक्दैन ।

दोश्रो समस्या भू(उपयोग नीतिको अस्पष्टता हो । भूमिको वर्गीकरण नगरि अव्यवस्थित ढंगले भूमिको प्रयोगले पनि कृषि उत्पादनको क्षेत्रमा ठूलो संकट ल्याएको छ । देशभरि भारि संख्यामा कृषियोग्य भूमिको आवास निर्माणमा प्रयोग भएकोले कृषि उत्पादकत्व धरापमा पर्न गएको देखिन्छ । कृषियोग्य भूमिलाई अन्य प्रयोजनको प्रयोगलाई तत्काल बन्द गरिनु पर्दछ । यसले देशमा ठूलो खाद्य संकट निम्त्याउँछ ।

कमीशनखोरी र संस्थागत भ्रष्टाचारको परम्परागत चलनलाई तत्काल रोक्नु पर्दछ र कृषिमा आएको वैदेशिक सहायतालाई सोझै निर्धारित प्रयोजनका लागि उपयोग गरिनु पर्दछ । कृषिमा बढ्दो परनिर्भरताबाट किञ्चित पनि नडराउने जिम्मेवार सरकारी संयन्त्रलाई चुस्त दुरूस्त बनाउन र अझ बढि जिम्मेवार बनाउन ठोस कदम चाल्नु पर्दछ । जमीनमा जोत्नेको हक सुनिश्चित गर्न अझै स्पष्ट भूनीति आउन जरूरी देखिन्छ । कृषिको उत्पादकत्व बढाउन आधुनिक वैज्ञानिक कृषि औजार तथा सहकारी कृषिको अवधारणा लिएर जाँदा कृषि विकासको नतिजा सजिलै हेर्न सकिने निश्चित छ । *(मधेश दर्पण फिचर सेवा)*

# किन हुन्छ महिनावारी गडबडी

डा ज्योति अग्रवाल,

सामान्य अवस्थाको महिनावारी २१ देखि ३५ दिनको बीचमा हुनेगर्छ। नियमित महिनावारी अरु बेलाभन्दा अगाडि पछाडि हुने, अत्यधिक रक्तस्राव हुने भएमा महिनावारी गडबडी भन्न सकिन्छ।

महिनावारी सुरु हुँदा कुनै किशोरीलाई १-२ महिनासम्म पनि महिनावारी नहुन सक्छ तर बिस्तारै युवा अवस्थामा प्रवेश गरिसकेपछि महिनावारी नियमित हुँदै जान्छ।

विभिन्न कारणले महिनावारी गडबडी हुने गर्छ। महिनावारीको गडबडी मुख्यतः हार्मोनल कारणसँग जोडिएको हुन्छ। ओभरीमा 'पोलिस्टिक' हर्मोन बढेर वा थाइराइड हर्मोन बढ्नाले पनि महिनावारीमा अनियमितता देखिन सक्छ। अथवा, अन्डाशय वा पाठेघरमा संक्रमण भएमा पनि गडबडी हुन्छ।

आजभोलि धेरै जस्तो युवतीमा पोलिसिस्टिक हर्मोन बढेका कारण महिनावारी गडबडीको समस्या हुने गरेको छ। पोलिसिस्टिकमा महिलाको अन्डाशयका अन्डा पाक्ने र फुट्ने हुन्छ। पोलिसिस्टिक भएका महिलाका थुप्रै अन्डा हुन्छन् र सबै अन्डाबाट अलिअलि हर्मोन निस्किएर हर्मोन असन्तुलित हुनेगर्छ। हर्मोन असन्तुलित भएपछि महिनावारीमा गडबडी आउँछ।

पोलिसिस्टिक प्रकृतिक समस्या हो। तर, अहिले जुन रुपमा देखा परेको छ यो सबै जीवनशैली, वातावरणीय समस्या, मानसिक तनाव, मानसिक रोगको औषधि सेवन आदि कारणले गर्दा हो।

महिनावारी गडबडी हुँदा डन्डीफोर आउने, मोटाउने, बच्चा नबस्ने, ढिला बस्ने, शरीरका विभिन्न भागमा रौं आउने समस्या देखा पर्छन्।



यो समस्या कसैकसैलाई वंशाणुगत कारणले पनि हुन सक्छ। कसैलाई पाठेघरको रोग (फाइब्रोइड/पोलिप), पाठेघरमा पानीको फोक्का र कसैलाई रगत नजम्ने समस्याले पनि गडबडी हुन सक्छ। तनाव, भागदौड, मानसिक तनाव, खानपान, धूमपान, मध्यपान आदिले 'हर्मोनल इम्ब्यालेसन्स' हुन्छ र महिनावारीमा गडबड हुन जान्छ।

चाडबाडका बेला वा अरु कुनै बेला पनि महिनावारीलाई पर सार्नुपर्ने भन्दै जथाभावी खाइने औषधिले पनि महिनावारी गडबडीको समस्या निम्त्याउँछ।

गर्भनिरोधक चक्कीले गर्दा पनि यस्तो समस्या आउन सक्छ। तीन महिने सुइले पनि महिनावारी गडबड हुन सक्छ।

सामान्यतः महिनावारी सुरु भएको केही वर्ष र सुक्न लागेको केही वर्ष महिनावारीको गडबडी हुन सक्छ। कहिलेकाहीँ महिनावारी भएको १४-१५ दिनमा अलिअलि रगत देखा पर्न सक्छ, यो अवस्था सामान्य पनि हुन सक्छ। त्यसलाई 'ओभ्युलेसन ब्लिडिङ' भनिन्छ।

कसरी बच्ने ?

महिनावारी गडबड हुन नदिन जीवनशैली परिवर्तन गर्नुपर्छ।

पोषिलो खानेकुरा खानुपर्छ। प्रदुषित वातावरणबाट जोगिनुपर्छ।

नियमित चेकजाच गराउनुपर्छ।

- आफ्नो शरीरमा कुनै रोग देखियो भने हेलचेक्र्याइँ नगरी तुरुन्त उपचार गर्नुपर्छ।
- नियमित व्यायम गर्नुपर्छ।
- शरीरलाई मोटो हुन दिनु हुँदैन।
- गर्व निरोधक चक्की खाँदा चिकित्सकसँग सल्लाह गरेर मात्र खानुपर्छ।
- महिनावारी भनेको नियमित प्रक्रिया हो, त्यसलाई रोक्न औषधि खानु हुँदैन।



# च्याउ खादाका फाइदा

प्रविना भट्टराई

तरकारीका रुपमा प्रयोग गरिने च्याउ 'ढुसी' प्रजातिभित्र पर्छ। च्याउ जस्तो रङहीन तरकारीले पनि हाम्रो खानामा प्रसस्त मात्रामा भिटामिन र खनिज पदार्थ प्रदान गर्छ। खानपानले विभिन्न रोगहरु लाग्न नदिन र निराकरणमा मद्दत गर्ने त सबैलाई थाहै छ। त्यस्तै, च्याउको सेवनले पनि विभिन्न रोग लाग्नबाट बच्न सकिन्छ। थोरै क्यालोरी र थोरै चिल्लो पदार्थका साथै प्रसस्त पोषक तत्व पाइने च्याउलाई स्वास्थ्यका हिसाबले उपयुक्त तरकारी मान्न सकिन्छ।

अन्य तरकारीमा जस्तै च्याउमा पाउने एन्टिअक्सिडेन्टले क्यान्सर लाग्न दिँदैन।

त्यसैगरी, च्याउमा प्रसस्त मात्रामा पाइने 'सेलेनियम' नामको खनिज पदार्थले कलेजोको काममा सहयोग पुऱ्याएर क्यान्सरजन्य पदार्थलाई शरीरबाट निस्कासन गर्न मद्दत गर्छ। सेलेनियमले रोगप्रतिरोगी क्षमता वृद्धि गर्न सहयोग गर्छ।

च्याउमा पाइने 'फोलेट' नामक भिटामिनले शरीरमा वंशाणु तहमा हुने काममा मद्दत गरी क्यान्सर लाग्ने प्रक्रियामा वाधा पुर्‍याउने देखिएको छ।

च्याउ यस्तो अचम्मको वनस्पति हो, जसमा भिटामिन डी पनि पाइन्छ। जसले शरीरका विभिन्न काममा फाइदा पुर्‍याउँछ। भिटामिन डीले च्याउमै पाइने फस्फोरस र क्याल्सियमको पाचन प्रक्रियामा मद्दत पुर्‍याउँछ। तसर्थ हड्डीको समस्या भएका र वृद्धहरुले च्याउलाई घाममै सुकाएर खाएमा धेरै लाभ लिन सक्छन्।

च्याउमा केही मात्रामा 'आइरन' पनि पाइन्छ, जसले हाम्रो शरीरको सोस्न सक्ने क्षमतालाई बढाउँछ। तसर्थ च्याउको सेवनबाट रक्तअल्पता भएका व्यक्तिलाई फाइदा पुग्छ।

च्याउमा प्राकृतिक रुपमै 'इन्सुलिन' पाइन्छ। चिल्लो पदार्थ र कलेस्टेरोल नहुने भएकाले चिनीरोगीका लागि च्याउ उपयुक्त आहार मानिन्छ।

त्यसैगरी, यसमा पाइने 'बिटा ग्लुकान' नामक तत्वले रगतमा ग्लुकोजको (कोलेस्टेरोल) मात्रा कम गर्न मद्दत गर्ने अनुसन्धानहरुले देखाएका छन्। बिटा ग्लुकानले रोग प्रतिरोधी क्षमता पनि वृद्धि गर्छ।

च्याउमा प्रसस्त मात्रामा 'पोटासियम' पनि हुनेगर्छ। पोटासियम धेरै पाइने र सोडियम थोरै पाइने भएकाले मुटुरोग र रक्तचापका बिरामीका लागि उपयोगी हुन्छ। च्याउ हाम्रो शरीरमा आवश्यक पर्ने 'फाइबर' पनि पाइन्छ। ढुसी प्रजातिमा पाइने फाइबर (बिटा ग्लुकान र काइटिन) ले भोक कम लगाउन मद्दत गर्छ।

उच्च प्रोटिन र कम कोलेस्टेरोल हुने भएकाले मोटोपना भएका व्यक्तिका लागि च्याउ उपयुक्त खानेकुरा हुन सक्छ।

यसैगरी, च्याउमा भिटामिन बी पनि प्रसस्त मात्रामा पाइन्छ, जसले हाम्रो शरीरका विभिना काममा मद्दत पुर्‍याएर हामीलाई स्वस्थ राख्न मद्दत गर्छ।

कुनै पनि एउटा खाने कुरा त्यसमा स्वास्थ्यका लागि के तत्व पाइन्छ भन्ने कुराले महत्वपूर्ण हुनेगर्छ। च्याउ त्यस्तै महत्वपूर्ण खानेकुराभित्र पर्दछ। दैनिक खानामा विभिन्न रङ्गीविरङ्गी फलफूल र तरकारीका साथमा कहिलेकाही रङहीन च्याउलाई पनि समावेश गर्नुपर्छ।

तर, सबै च्याउ खानयोग्य भने हुँदैनन्। कतिपय च्याउमा मानव शरीरलाई हानी पुर्‍याउने विषालु तत्व पनि पाइन्छ। विशेषगरी, जंगली च्याउ खाँदा वा टिप्दा ध्यान पुर्‍याउनुपर्छ। 'जंगली च्याउ खाएर मृत्यु' भन्ने समाचार हामीले सुनिरहेकै हौं। तसर्थ, नचिनेका र जंगली च्याउका साटो खानयोग्य च्याउलाई आफ्नो भोजनमा समावेश गरेर धेरैभन्दा धेरै फाइदा लिऔं।

## तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

# सगरमाथाको उचाइ नाप्न शुरू



काठमाडौँ / सर्वोच्च शिखर सगरमाथाको उचाइ नाप्न आवश्यक गृहकार्य सरकारले शुरु गरे पनि त्यसले गति लिन सकेको छैन।

सगरमाथाको उचाइ नाप्न भूमि सुधार तथा व्यवस्था मन्त्रालय, नापी विभागले स्थलगत रूपमा प्रारम्भिक चरणको काम शुरु गरे पनि प्राविधिक कारणवश त्यसले गति लिन नसकेको स्वयं विभागकै अधिकारीहरू स्वीकार्छन्।

विश्वको सर्वोच्च शिखरका रूपमा रहेको सगरमाथाको उचाइको आधिकारिकताबारे विभिन्न चर्चा र टीकाटिप्पणी हुनु, हालसम्म नेपालले सगरमाथाको उचाइ मापन नगर्नु, चीन, भारतलगायतका मुलुकले गरेको मापन अन्तरराष्ट्रियरूपमा विवादित बन्नु, विसं २०७२ को विनाशकारी ‘गोरखा भूकम्प’ को प्रभावलगायतका कारण सगरमाथाको उचाइ र अवस्थिति पत्ता लगाउन आवश्यक ठानेर विभागले मापनको गृहकार्य अघि बढाएको हो।

मापन कार्य शुरु गर्नुपूर्व विभागले गत मंसिर २५ र २६ गते भारत, चीन, अमेरिका, इटलीलगायत देशका वैज्ञानिकलाई अन्तरराष्ट्रिय गोष्ठीमा डाकेर कसरी मापन गर्ने भन्ने विषयमा छलफल गरेको थियो र विज्ञहरूकै सुझावका आधारमा कार्यविधि तयार गर्‍यो।

उक्त छलफलमा त्यसबखत सगरमाथाको उचाइ मापन गर्ने टोलीमा सहभागी हुनुभएका अमेरिकास्थित कोलोराडो युनिभर्सिटीका प्राध्यापक रोजार विह्याम, सर्वे अफ इन्डियाका प्रमुखलगायतले नेपालले नै सगरमाथाको उचाइ नाप्नु खुशीको विषय भएको बताउँदै आवश्यक प्राविधिक सहयोग गर्न आफूहरू तयार रहेको वचन दिएको सगरमाथा उचाइ मापन सचिवालयका संयोजक एवं विभागका प्रमुख नापी अधिकृत सुशील डंगोलले राससलाई बताए।

नेपालले पहिलो पटक गर्न लागेको सगरमाथाको उचाइ मापनमा विवाद नआओस् र त्यो सर्वस्वीकार्य होस् भनेर विश्वकै दक्ष विज्ञहरूलाई सहभागी गराइएको विभागको भनाइ छ।

यसअघि सन् १९५४ मा तत्कालीन सर्वे अफ इन्डियाले सगरमाथाको उचाइ मापन गरी आठ हजार ८४८ मिटर भएको निष्कर्ष निकालेको थियो। त्यसपछि विभिन्न समयमा विभिन्न निकायले उचाइ मापन गरी फरकफरक उचाइ निकालेका थिए। तर त्यसले आधिकारिक मान्यता भने पाएको थिएन। अहिले सबै पूर्वतयारी सकिएकाले मापनको कार्य अघि बढाएको विभागले जनाएको छ।

विभागका अनुसार गत कात्तिक ७ गते सोलुखुम्बु पुगेर नेपाली टोलीले भारतीय सर्वेक्षकले त्यस बखत सगरमाथाको उचाइ नाप्न प्रयोग गरेको नियन्त्रण बिन्दु खोज्ने काम गरेको थियो। सोलुखुम्बुको आठ, खोटाङ र दोलखामा दुई/दुई स्थानमा उक्त बिन्दु राखिएको बताइन्छ। टोलीले सोलुखुम्बुको चार स्थानमा राखिएको बिन्दु भेट्टाएको छ र बाँकी खोज्ने क्रम जारी छ।

दुई वर्षभित्र काम पूरा गर्ने लक्ष्यसहित विभागले प्रारम्भिक चरणको काम शुरु गरेको विभागका प्रमुख नापी अधिकृत डंगोलको भनाइ छ।

**पहिलो टोली सिरहा जाने**

विभागका अनुसार यही माघ १५ गते लेभलिङका लागि १३ सदस्यीय पहिलो टोली सिरहास्थित नेपाल(भारत सीमा मदार जाँदैछ। उक्त ठाउँसम्म लेभलिङको काम सर्वे अफ इन्डियाले गरिदिने र त्यहाँबाट नेपाली टोलीले शुरु गर्ने विभागको भनाइ छ।

विभागका अनुसार यस आर्थिक वर्षभित्र सिरहादेखि ओखलढुंगासम्म लेभलिङको काम सक्ने विभागको तयारी छ। टोलीले दैनिक ७०० देखि ७५० मिटरसम्म लेभलिङ गर्नेछ।

नेपालमा नापी विभागसँग ६० वर्षको अनुभव छ र नयाँ प्रविधिका विषयमा समेत यसका जनशक्ति दक्ष भइसकेकाले उचाइ मापन दुई वर्षभित्र पूरा हुने विश्वास विभागको छ।

ओखलढुंगा सदरमुकाम जोड्ने सडक हुँदै सोलुखुम्बुको सल्लेरीदेखि उदयपुरको बाँसबारीसम्म अहिले लेभलिङको काम भइरहेको छ। वैशाख १२ को भूकम्पका कारण सडकको लेभलिङमा असर पुगेको/नपुगेको यकिन गरी त्यसलाई प्रमाणित गर्ने काम भइरहेको छ।

विभागका अनुसार पहिले भएको ग्राभिटी मेशिन बिग्रिएपछि ग्राभिटी नाप्न विभागसँग अर्को मेशिन छैन। उक्त मेशिन खरिद गर्ने कि भाडामा ल्याउने भन्ने निर्णय विभागले गरिसकेको छैन। बजेट पुगे मेशिन खरिद गर्ने र नपुगे भाडामै ल्याउने विभागको तयारी छ।

**मापनका तीन विधि**

विभागले उचाइ नाप्न तीन वटा विधि प्रयोग गर्दैछ। ‘डाइरेक्ट मिजरमेन्ट’अन्तर्गत प्रत्यक्षरूपमा अगाडि/पछाडि गरेर चुचुरोसम्मको उचाइ नापिन्छ।

त्यस्तै, ‘ट्रिंगुलेसन’ विधिबाट पनि उचाइ नाप्न सकिन्छ, जसअनुसार निश्चित बिन्दुलाई आधार बनाएर त्यसको कोण पत्ता लगाउने र सोही आधारमा क्रमशः अन्य बिन्दुको कोण बनाउँदै उचाइ मापन गरिन्छ। हाल प्रमाणित सगरमाथाको उचाइ यही विधिबाट नापिएको हो।

तेस्रो विधि हो, गुरुत्वलाई आधार बनाउने। जिपिएस प्रणालीबाट पनि उचाइ मापन हुन्छ। सन् २००५ मा चीनले यही विधिबाट सगरमाथाको उचाइ नापेको थियो। त्यतिबेला चीनले सगरमाथाको उचाइ आठ हजार ८४४ मिटर आसपास निकालेको थियो। तर, त्यसले अन्तरराष्ट्रिय मान्यता पाउन सकेन।

एउटा मात्र विधि प्रयोग गर्दा विश्वसनीयतामा शंका उठाइन सक्ने भएकाले ‘हाइब्रिड’ पद्धति अपनाइने विभागको भनाइ छ।

विभागले आगामी दुई वर्षमा उचाइ मापन गरेर त्यसको प्रतिवेदन तयार पार्ने जनाएको छ। तल्लो भू(भागमा विभागकै टोलीले सबै काम गर्ने भए पनि माथिल्लो भेगमा भने पर्वतारोही प्रयोग गर्नुपर्ने र त्यसका लागि केही छलफलसमेत अघि बढेको डंगोलको भनाइ छ।

उचाइ नाप्न एक याममा दुई पटक मात्रै अनुकूलता हुन्छ। सम्भावित प्रकोपले पनि यस्तो काममा प्रभाव पार्ने भएकाले तोकिएको समयसीमामै काम सम्पन्न गर्न सकिन्छ भनेर यकिन गर्ने अवस्था नरहेको विज्ञहरू बताउँछन्।

**बजेटको कमी हुने छैन**

विभागका अनुसार यो कार्यका लागि बजेट अभाव छैन। अनुमानित रु २५ करोड खर्च हुने यस कार्यका लागि प्रारम्भिक चरणमा (आव २०७४/७५ मा) रु दुई करोड निकासा भइसकेको छ। यसअघि सन् २०११ मै उचाइ मापनसम्बन्धी कार्यविधि विभागले तयार पारेको थियो तर बजेटको व्यवस्था हुन नसकेर अगाडि बढ्न सकेन।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहप्रवक्ता पुण्यविक्रम पौडेलले मापनका लागि सरकारले रु दुई करोड विनियोजन गरिसकेको र आवश्यक थप रकम अर्थ मन्त्रालयबाट व्यवस्था हुने सुनिश्चित भएको जानकारी दिनुभयो।

उनले भन्ने, “सगरमाथाको उचाइ नेपालले आफ्नै स्रोत र जनशक्ति प्रयोग गरी मापन गर्नुपर्छ भनेर गत वर्ष नै प्रस्ताव गरेका थियौँ। सोहीअनुरूप सरकारले बजेट तथा कार्यक्रममा उच्च प्राथमिकतामा राखेपछि हामीले आवश्यक तयारी गरी मापनको कार्य अघि बढाएका छौँ।”

सगरमाथालाई सन् १९४९ र १८५० मा सर्भे अफ इन्डियाले मापन गर्दा उचाइ आठ हजार ८४० मिटर निर्धारण गरिएको थियो। सन् १९५४ मा एसओआइका विएल गुलाटीले मापन गर्दा आठ हजार ८४८ मिटर र सन् १९७५ मा तिब्बततर्फबाट चाइनिज ब्यूरो अफ सर्भे एन्ड म्यापिङले मापन गर्दा आठ हजार ८४४.४३ मिटर उचाइ रहेको जनाएका थिए।

सन् १९९९ मा बोस्टोन म्युजिएम अफ साइन्सका प्रो ब्रड बार्स्बनले पहिलो पटक जिपिएस प्रविधिको प्रयोग गरी मापन गर्दा आठ हजार ८५० मिटर रहेको तथ्य सार्वजनिक भएको थियो। नेपाल सरकारले भने आइएसओले मापन गरेको आठ हजार ८४८ मिटरलाई आधिकारिक उचाइ मान्दै आएको छ।

---

**तिलाठीमा .......**

गरिएको छ। गत पुस २१ गते साँझदेखि गाउँपालिका कार्यालयमा तालाबन्दी गरेका छन्।

गाउँ परिषद्का निर्णयहरु खारेजी गर्नुका साथै गाउँपालिकाको नाम तथा केन्द्र परिवर्तन सम्बन्धी निर्णय परिवर्तन गर्नुपर्ने, चालु आर्थिक वर्ष ०७४/०७५ को हालसम्म खर्चको विवरण बुझाउनु पर्ने, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सरोजकुमार झा उपर छानविन सहित कारवाही हुनुपर्ने लगायतका माग उनीहरुले अघि सारेका छन्। पहिलो दिनको अनशनमा देवनारायण यादव, ललितनारायण झा, नागेन्द्र झा, रविकान्त झा, भुवनेश्वर झा सहितका थिए। दोस्रो दिन सिमारक्षक तथा नेकपा एमालेका नेता देवनारायण यादवसहित वडाका जनप्रतिनिधी एवम् स्थानीय बुद्धिजिवीहरु सहभागी भएका छन्। यता गाउँपालिकाकी उपाध्यक्ष सुचिता यादव भने सुरुदेखि नै गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको रवैया एकलौटीपूर्ण र हेपहा रहेको उनको आरोप छ। निर्णयको प्रतिलिपी तथा बैंक स्टेटमेन्टसम्म माग्दा आफुलाई नदिएको उनको गुनासो छ। एकलौटी रुपमै गाउँपालिका सञ्चालन गर्ने बहुमतीय दम्भ प्रदर्शनको मात्रै काम भइरहेको बताउँदै निर्णय फिर्ता हुनुपर्ने उनले माग गरेकी छिन्।

गाउँपालिकामा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार लगायतका क्षेत्रमा लगानी गर्न त्यसै बजेटको खाँचो रहेकोले तिलाठीमा पूर्वाधार हुँदाहुँदै समेत नयाँ केन्द्र स्थापनाको नाममा लाखौं बजेट खर्चिने नियतले यस्तो कार्य गरेको स्थानीयवासिन्दाको आरोप छ। गाँउपालिका रहेको स्थानमा २२ कट्ठा सरकारी जग्गा, पर्याप्त भवन र भौतिक पूर्वाधारको सुविधा रहदाँ पनि अन्यत्र केन्द्र सारेर गाउँपालिकाको आर्थिक भार बढाउने कार्य भईरहेको अनशनमा सहभागी ललित नारायण झाले बताए।

यसैबीच गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले सभाद्वारा गाउँपालिकाको नाम परिवर्तन र ठाउँ सार्ने निर्णय भएको बताएका छन्।

# गाउँपालिकाको नाम परिवर्तन

लहान / सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकाको पहिलो गाउँसभाले गाउँपालिकाको नाम संशोधन गरी 'बाबा हरिसिंह देव गाउँपालिका' नामाकरण गर्ने निर्णय गरेको छ ।

परापूर्वदेखि नै यो क्षेत्र हरिहरसिंह देवको नामले चिनिने भएकाले गाउँसभामार्फत गाउँपालिकाको नाम संशोधन गरी 'बाबा हरिसिंह देव गाउँपालिका' नामाकरण गर्ने निर्णय भएको गाउँपालिका अध्यक्ष रामबल्लभ साहले जानकारी दिए ।

यस्तै गाउँसभाले आर्थिक वर्ष २०७४/०७५ का लागि रु २६ करोड ४३ लाख ६८ हजार ४८४ बजेट पारित गरेको छ ।

# राजविराज कारागारका जेलर ४० हजार घुससहित पक्राउ

राजविराज / सेवाग्राहीसँग घुस लिएको नगद ४० हजारसहित सप्तरी जिल्ला कारागारका जेलर कृष्ण दाहाल पक्राउ परेका छन्।

अख्तियार दुरुपयोग अनुन्धान आयोगको बर्दिबासस्थित कार्यालयको टोलीले स्थानीय मुरली चिया पसलबाट दाहाललाई पक्राउ गरेको हो। सेवाग्राहीसँग पैसा लेनदेन गरिरहेको बेला उनलाई पक्राउ गरिएको टोलीका एक अधिकृतले जानकारी दिए। सेवाग्राहीको नाम गोप्य राखिएको छ ।

कैदी-बन्दीलाई जेल सरुवा गरिदिने आश्वासन दिएर दाहालले ४० हजार लिँदै गर्दा पक्राउ गरिएको अधिकृतको भनाइ छ। घटनाको मुचुल्का तयार गरी दाहाललाई आयोगको काठमाडौंस्थित केन्द्रीय कार्यालयमा उपस्थित गराउने उनले बताए ।

दाहाललाई पक्राउ गर्न बर्दिबास र इटहरीस्थित सम्पर्क कार्यालयको संयुक्त टोली खटिएको जनाइएको छ ।


## सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**

## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

**सम्पर्क स्थान**

**N/C/ Bose** (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा




**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
**०३१-५५०१०६,**
**९८०७७७३८९१,**

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

## सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

**प्रो बिमल कुमार झा**
**छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका**
**१फत्तेपुर हटिया छिर्ने बाटो**

## सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अव तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

**सम्पर्क :**
**विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स**
**सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१**




## Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

